

# ७ अब्राहमसँग करार

***<u>यस अध्यायका मूल पदहरू:</u>*** उत्पत्ति १५-१९; रोमी ४:३;४,९,२२; गलाती ४:२१-३१; रोमी ४:११; रोमी ९:९ र आमोस ४:११।

***<u>यस अध्यायको मूल सार पद:</u>*** **"तर अब्रामले भने, "हे परमप्रभु परमेश्‍वर, तपाईंले मलाई के दिनुहुन्छ र? किनभने म सन्तानविहीन नै छु, मेरो घरको उत्तराधिकारी दमस्कसको एलीएजर हुने त? (उत्पत्ति १५:२)।**

जब हामी उत्पत्ति १५मा आउँछौं, तब अब्राहम निर्णयात्मक क्षणमा पुगेको हामी पाउँछौं। त्यो थियो उनीसँग परमेश्‍वरले गर्नुभएको करारले औपचारिकता पाएको थियो। अब्राहमसँग गरिएको करार दोस्रो करार हो। पहिलो करार परमेश्‍वरले नोहासँग स्थापना गर्नुभएको थियो।

जसरी नोहासँग गरिएको करार वा सम्झौता स्थानीय नभएर विश्‍वव्यापी थियो त्यसरी नै अब्राहमसँग गरिएको करार पनि विश्‍वव्यापी नै थियो। यो कुनै राष्ट्र वा जातसँग सिमित छैन। अब्राहमसँग गरिएको करार अन्तमा आएर अनन्तको करार हुन गएको छ, जुन सारा मानव जातिलाई प्रदान गरिएको छ (उत्पत्ति १७:७, हिब्रू १३:२०)।

अब्राहमको जीवन कहानी बढो नाटकिय छ। यसमा त्रास र हँसीमज्जाक समावेश भएको छ। अब्राहम डराएका थिए (उत्पत्ति १५:१), सारा (उत्पत्ति १७:१७) र हागार पनि (उत्पत्ति २१:९)। अब्राहम हाँस्छन् (उत्पत्ति १७:१७); सारा (उत्पत्ति १८:१२, र इश्माएल पनि हाँस्छ (उत्पत्ति २१:९)। ती अध्यायहरूमा मानव भावना, संवेदनशीलता र न्यानोपनाले गुञ्जिएको पाइन्छ। सोडोमका दुष्ट बासीहरूले मुक्ति पाउन् भन्ने अब्राहमको तिब्र चाहना थियो; सारा, हागार, र लोतप्रतिको आफ्नो जिम्मेवारीको चासो

उनले देखाएका थिए; र अपरिचित तीन व्यक्तिहरूको अतिथी सत्कार गर्न पनि उनी पछि परेका थिएनन् (उत्पत्ति १८:२-६)।

अब्राम भन्ने नाउँले उनको प्रतिष्ठा र सम्मान अर्थात् समाजमा उनको आदरणीय भूमिकालाई बुझाउँछ। जब उनी अब्रामबाट अब्राहममा नयाँ नामङ्करण हुन्छ, तब त्यसको अर्थ "सारा धेरै राष्ट्रहरूका पिता" (उत्पत्ति १७:५) भन्ने बुझाउँछ। यसरी परमेश्वरले अब्राहमसँग बाँध्नुभएको करारमा विश्वलाई नै समेतिने उहाँको योजना भएको आभास् हामी पाउँछौं।

## १. अब्राहमको विश्वास तथा आस्था

**देहायका पदहरूले अब्राहम विश्वासबाट जएका थिए भनेर कसरी प्रकट गर्दछ? अब्रामले परमेश्वरलाई चढाएको बलिको अर्थ के हो? हेर्नुहोस्, "१ त्यसपछि दर्शनमा अब्रामकहाँ परमप्रभुको यो वचन आयो, "अब्राम, तिमी नडराऊ। तिम्रो ढाल म नै हुँ, र तिम्रो इनाम अत्यन्त ठूलो हुनेछ।" २ तर अब्रामले भने, "हे परमप्रभु परमेश्वर, तपाईंले मलाई के दिनुहुन्छ र? किनभने म सन्तानविहीन नै छु, मेरो घरको उत्तराधिकारी दमस्कसको एलीएजर हुनेछ।" ३ फेरि अब्रामले भने, "हेर्नुहोस्, तपाईंले मलाई सन्तान दिनुभएन, र मेरो घरमा जन्मेको दास नै मेरो उत्तराधिकारी हुनेछ।" ४ तब परमप्रभुको यो वचन फेरि तिनीकहाँ आयो, "यो मानिसचाहिँ तिम्रो उत्तराधिकारी हुनेछैन, तर जो तिम्रो आफ्नै छोरा हुन्छ त्यही नै तिम्रो उत्तराधिकारी हुनेछ।" ५ अनि उहाँले तिनलाई बाहिर लगेर भन्नुभयो, "आकाशतिर हेरेर तारा गन्न सक्छौ कि सक्दैनौ, गनिहेर।" उहाँले तिनलाई भन्नुभयो, "तिम्रा सन्तानहरू पनि त्यस्तै हुनेछन्।" ६ अनि तिनले परमप्रभुमाथि विश्वास गरे, र यो तिनको निम्ति धार्मिकता गनियो। ७ फेरि उहाँले तिनलाई भन्नुभयो, "यो देश तिम्रो अधिकारमा दिनलाई कल्दीहरूको ऊरबाट तिमीलाई ल्याउने परमप्रभु म नै हुँ।" ८ तर अब्रामले भने, "हे परमप्रभु परमेश्वर, मैले यसको अधिकार गर्न पाउँछु भनेर म कसरी थाहा पाऊँ?" ९ उहाँले तिनलाई भन्नुभयो, "मेरो निम्ति तीन वर्षको एउटा कोरली, तीन वर्षको एउटा बाख्रा, तीन वर्षको एउटा भेड़ा, एउटा ढुकुर र एउटा परेवाको बच्चा ल्याऊ।" १० तिनले ती सबै उहाँकहाँ ल्याए, र माझमा दुई-दुई फ्याक पारेर हरेक फ्याक आमनेसामने राखिदिए। तर पन्क्षीहरूचाहिँ तिनले दुई-दुई फ्याक पारेनन्। ११ अनि चील र गिद्धहरू ती मरेका पशुपन्क्षीहरूमाथि झम्टँदा अब्रामले तिनीहरूलाई धपाए। १२ सूर्य अस्ताउँदा अब्राम मस्त निद्रामा परे, अनि**

डरलाग्दो र घोर अन्धकारले तिनलाई छोप्यो। १३ तब परमप्रभुले अब्रामलाई भन्नुभयो, “यो निश्चय जानिराख्, कि तिम्रा सन्तानहरू कुनै एउटा देशमा प्रवासी भएर बस्नेछन्, जुन देश तिनीहरूको होइन, र त्यस देशका मानिसहरूका कमारा-कमारी हुनेछन्, र चार सय वर्षसम्म तिनीहरू थिचोमिचोमा पर्नेछन्। १४ तर तिनीहरू जुन जातिका दास बन्नेछन्, उनीहरूको पनि म इन्साफ गर्नेछु, र पछिबाट तिनीहरू धेरै धन-सम्पत्ति लिएर निस्किआउनेछन्। १५ तिमीचाहिँ आफ्ना पितृहरूकहाँ शान्तिसित जानेछौ। तिम्रो पूरो बुढ़ेसकालमा तिमी गाड़िनेछौ। १६ चौथो पुस्तामा तिम्रा सन्तानहरू तिनीहरू फेरि यहाँ आउनेछन्, किनकि एमोरीहरूको अधर्म अहिलेसम्म पूरा भएको छैन।” १७ सूर्य अस्ताएपछि जब अँध्यारो भयो तब मासुका टुक्राहरूका बीचबाट धूवाँ आइरहेको आगोको एउटा मकल र बलिरहेको एउटा राँको छिरिगयो। १८ त्यसै दिन परमप्रभुले अब्रामसित यसो भनेर करार बाँध्नुभयो, “तिम्रा सन्तानहरूलाई मिश्रदेशको नदीदेखि महानदी यूफ्रेटिससम्मको यो देश मैले दिएको छु– १९ केनी, कनज्जी, कदमोनी, २० हित्ती, परिज्जी, रपाई, २१ एमोरी, कनानी, गिर्गाशी र यबूसीहरूका देशहरू दिएको छु।" (उत्पत्ति १५) र "३ किनकि पवित्र-शास्त्रले के भन्छ? “अब्राहामले परमेश्वरमाथि विश्वास गरे, र त्यो उनको निम्ति धार्मिकता गनियो। ४ अब काम गर्नेले जुन ज्याला पाउँछ त्यो दान होइन, तर त्यो उसको पाउने हक हो।...९ के यो आशीर्वाद खतनावालहरूका निम्ति मात्र हो? कि बेखतनावालहरूका निम्ति पनि हो? अब्राहामको निम्ति त उनको विश्वास नै धार्मिकता गनिएको थियो भनी हामी भन्दछौं।...१८ “तिम्रा सन्तान पनि यस्तै असंख्य हुनेछन्” भनेर परमेश्वरले भन्नुभएअनुसार, आशा पटक्कै नहुँदा पनि अब्राहामले आशा राखी विश्वास गरे, र यसरी उनी धेरै जातिहरूका पिता बने। १९ प्रायः सय वर्ष पुगिसकेका अब्राहाम मरेतुल्य भइसकेको आफ्नो शरीर तथा साराको कोख बाँझो भएको बुझेर पनि विश्वासमा कमजोर भएनन्। २० परमेश्वरको प्रतिज्ञाबारे कुनै शङ्काले उनलाई डगमगाउन सकेन, तर आफ्नो विश्वासमा दह्रिलो भएर उनले परमेश्वरलाई महिमा दिए। २१ प्रतिज्ञा गर्नुभएको कुरा परमेश्वरले गर्न पनि सक्नुहुन्छ भन्ने अब्राहामलाई पूरा निश्चय थियो। २२ यसैकारण पनि उनको विश्वास “उनको निम्ति धार्मिकता गनियो।” २३ धार्मिकता “गनिएको हो” भन्ने यो वचन उनैको खातिर मात्र लेखिएको होइन, २४ तर हाम्रा निम्ति पनि हो। हामी जसले येशू हाम्रा प्रभुलाई मरेकाहरूबाट जीवित पार्नुहुनेमाथि विश्वास गर्छौं, यो हाम्रा निम्ति पनि गनिनेछ। २५ उहाँ

**हाम्रा अपराधहरूका निम्ति मारिनुभयो, र हामीलाई धर्मी तुल्याउनलाई जीवित पारिनुभयो।" (रोमी ४:३,४,९,१८-२५)।**

जब परमेश्वर अब्रामकहाँ देखा पर्नेभयो तब उनी तर्सेका थिए। जब परमेश्वरले उहाँलाई नडराउन आश्वासन दिनुभएपछि उहाँहरूको बीचमा बार्तालाभ भएको थियो। त्यसक्रममा अब्रामले आफ्नो चासो आफ्नो उत्तराधिकारीको बारेमा परमेश्वरसँग पोखे (उत्पत्ति १५:१-३)। एलिजार होइन अब्रामको आफ्नै छोरा उनको उत्तराधिकारी हुनेछ भनेर परमेश्वरले उनलाई आश्वास्त पार्नुभएको थियो (उत्पत्ति १५:४)। भविष्यमा मसीह राजाको सन्तान हुने भनेर नातानले गरेका भविष्यवाणीमा (२ शमूएल ७:१२) पनि त्यही लवज प्रयोग गरिएको छ। अब्रामलाई विश्वस्त पारिएको थियो र उनले परमेश्वरको वचनलाई विश्वास गरेका थिए (उत्पत्ति ७:१२)। परमेश्वरले गर्नुभएको प्रतिज्ञा पूरा हुने कुरा आफ्नो प्रयास वा धर्मकर्मद्वारा होइन बरु उहाँमा नै भर पर्दछ भनेर उनले बुझेका थिए (उत्पत्ति १५:६, रोमी ४:५,६)।

"अब्रामले विश्वास गरे र त्यो धार्मिकतामा गनियो" भनेर व्यक्त गरिएको कथन अत्यन्तै उल्लेखनीय र त्यसबेलाको सभ्यताको भन्दा पनि बाहिरको धारणा हो। पौराणिक मिश्रदेशका मानिसहरूले (वा वर्तमान कतिपय धर्महरूले पनि) धर्मकर्म र असल कामहरूको आधारमा तिनीहरू धर्मी ठहिन्छ भनेर विश्वास गरिन्थे। तिनीहरूलाई न्याय गर्ने देवी मात छिन्। उनले तिनीहरूको धार्मिक कामहरूको लेखाजोखा गर्छिन् र त्यसको आधारमा तिनीहरूको मूल्याङ्कन गरि तिनीहरूलाई धर्मी वा अधिर्मी ठहऱ्याउँछिन् रे। छोटकरीमा भन्ने हो भने तपाईंले "मुक्ति" आर्जन गर्नुपर्छ वा कमाउनुपर्छ अर्थात् धर्मकर्म गरेर किन्नुपर्दछ।

अनि परमेश्वरले अब्रामलाई पशुबलि चढाउन अऱ्हाउनुहुन्छ।त्यस पशुबलिको प्रथाले खास गरेर हाम्रो पापको निम्ति येशूको बलिलाई औँल्याएका थिए। मानिसहरू अनुग्रहबाटमात्रै मुक्ति पाउँछ, यो परमेश्वरको धार्मिकताको बरदान हो। अब्रामले गरेका पशुबलिहरू, यो बरदानको प्रतिक थियो। तर अब्रामले गर्नुपरेको पशु बलिले त्यो भन्दा अर्को विशेष सन्देश अब्रामलाई दिइएको थियो। बलि भएका पशुहरूमाथि गिद्ध झुमिएको (उत्पत्ति १५:९-११) अब्रामका सन्तान केही समयसम्म दासत्वमा रहेर दुःख पाउनेछन्। त्यो समय चारसय वर्ष (उत्पत्ति १५:१३) वा चार पुस्ता (उत्पत्ति १५:१६)। अनि

चार पुस्ता पछि अब्रामका सन्तान फेरि उनी रहेकै देशमा फर्कनेछन् (उत्पत्ति १५:१६)।

पशुबली विधिको दृश्य बढो नाटकिय थियोः "सूर्य अस्ताएपछि जब अँध्यारो भयो तब मासुका टुक्राहरूका बीचबाट धूवाँ आइरहेको आगोको एउटा मकल र बलिरहेको एउटा राँको छिरिगयो" (उत्पत्ति १५:१७)। यो असाधारण अचम्मको क्रियाकलापले परमेश्वरको प्रतिवद्धतालाई जनाउँछ। अब्रामका सन्तानहरूलाई भूमि दिने प्रतिज्ञा परमेश्वरले पूरा गर्नुहुनेछ भनेर उहाँले अब्रामलाई स्पष्ट पार्नुभएको थियो (उत्पत्ति १५:१८)।

यो प्रतिज्ञा गरिएको देशको सिमाना "मिश्र देशको नदीबाट महान् नदी, युफ्रेटिस" (उत्पत्ति १५:१८) भनेर उल्लेख गर्दा हामीलाई अदनको बगैंचाको सिमानाहरूलाई याद दिलाउँछ (उत्पत्ति २:१३,१४)। त्यसकारण, यस भविष्याणीको दायरा केवल प्रस्थानदेखि कनान वा इस्राएल देशमात्रै छैन भनेर देखाउँदछ। अब्राहमका सन्तानले कनान देश लिने भन्ने अवधारणाले, अन्तमा परमेश्वरका जनहरूले पाउने मुक्ति वा अदनको बगैंचामा फर्किने लक्ष्यलाई बुझाउँछ।

**हाम्रो मुक्तिको आशा केवल येशू ख्रीष्ट र उहाँको धार्मिकता हो भन्ने कुरामा नजर राखिराख्न हामी कसरी सिक्ने? हाम्रो असल कामहरूलाई गन्न खोज्यौं भने के हुँदो रहेछ?**

## २. अब्राहमको शङ्का

**विश्वासको धरोहर मानिएको अब्राहम, परमेश्वरसँग बार्तालाब गर्न खुबी भएको अब्राहम, परमेश्वरले प्रतिज्ञा गर्नुभए वाचालाई विश्वास गर्दा धार्मिकता ठरिएको अब्राहम, उनको जीवनको अन्तसम्म सम्हाल्छु भनेर परमेश्वरले भन्नुभएको सुन्ने अब्रहाम, हागारलाई आफ्नो ल्याइटे बनाउँदा उनको विश्वास कहाँ गयो? हागारलाई आफ्नो ल्याइटे बनाउने निर्णयको के महत्त्व छ? सारा र हागारले विश्वासको मनस्थितिलाई कसरी प्रतिनिधित्व गर्दछ? हेर्नुहोस्, "१ आफ्नी पत्नी साराईबाट अब्रामको कोही सन्तान भएको थिएन। तर हागार नाउँ भएकी तिनकी एक मिश्री कमारी थिई। २ साराईले अब्रामलाई भनिन्, "हेर्नुहोस्, परमप्रभुले मेरो कोख बन्द गरिदिनुभएको छ। यसकारण मेरी कमारीकहाँ जानुहोस्। शायद त्यसबाट मेरो निम्ति सन्तान हुन सक्छ।" अब्रामले साराईको कुरा माने। ३ अब्राम कनानमा बसेका दश वर्षपछि तिनकी पत्नी साराईले**

आफ्नी कमारी मिश्री हागारलाई आफ्ना पति अब्रामलाई तिनकी पत्नी हुनलाई दिइन्। ४ अनि तिनी हागारकहाँ गए, र त्यो गर्भवती भई। जब त्यसले "म गर्भवती भएछु" भनी थाहा पाई, तब त्यसले आफ्नी मालिक्नीलाई तुच्छ दृष्टिले हेर्न लागी। ५ साराईले अब्रामलाई भनिन्, "ममाथिको अन्याय तपाईंकै शिरमाथि परोस्। मैले आफ्नी कमारी तपाईंकै काखमा दिएँ, र त्यो गर्भवती हुने बित्तिकै मलाई तुच्छ दृष्टिले हेर्न लागी। परमप्रभुले तपाईं र मेरो बीचमा इन्साफ गरिदिऊन्।" ६ तर अब्रामले साराईलाई भने, "हेर, तिम्री कमारी तिम्रै हातमा छे। त्यसलाई जे गर्न मन लाग्छ त्यही गर।" तब साराईले त्यससित कठोर व्यवहार गर्न लागिन्, र त्यो तिनको सामुन्नेबाट भागेर गई।

७ परमप्रभुका दूतले त्यसलाई उजाड़-स्थानमा शूरतिर जाने बाटोकै पानीको मूलनेर भेट्टाए। ८ र तिनले सोधे, "ए साराईकी दासी हागार, कहाँबाट आइस् र कता जाँदैछेस्?" त्यसले भनी, "मेरी मालिक्नी साराईको सामुन्नेबाट भाग्दैछु।" ९ परमप्रभुका दूतले त्यसलाई भने, "तेरी मालिक्नीकहाँ फर्केर जा, र तिनकै अधीनमा बस्।" १० परमप्रभुका दूतले फेरि त्यसलाई भने, "म तेरो वंशलाई यति औधी बढ़ाउनेछु कि त्यो धेरै भएकोले गन्न सकिनेछैन।" ११ परमप्रभुका दूतले त्यसलाई भने, "तँ गर्भवती छेस्, र तैंले एउटा छोरो जन्माउनेछेस्। तैंले त्यसको नाउँ इश्माएल राख्नू, किनभने परमप्रभुले तेरो दुःख हेर्नुभएको छ। १२ मानिसहरूमा त्यो जङ्गली गधाजस्तै हुनेछ। *त्यसको हात सबैका विरुद्धमा उठ्नेछ, र सबैका हात त्यसको विरुद्धमा उठ्नेछन्।*

आफ्ना सबै नातेदारहरूकै शत्रुतामा त्यो बसोबास गर्नेछ।" १३ हागारले आफूसित कुरा गर्नुहुने परमप्रभुलाई यस्तो नाउँ दिई, "मलाई देख्नुहुने परमेश्वर तपाईं हुनुहुन्छ।" किनभने त्यसले भनी, "मैले साँच्ची नै परमेश्वरलाई देखेकी छु, र उहाँलाई देखेर पनि म जीवितै छु।" १४ यसकारण त्यस पँधेरोको नाउँ बेअर-लहै-रोइ राखियो। कादेश र बेरेदको बीचमा त्यो पर्छ। १५ अनि हागारले अब्रामको एउटा छोरो जन्माई। हागारले जन्माएको आफ्नो छोराको नाउँ अब्रामले इश्माएल राखे। १६ हागारले अब्रामको निम्ति इश्माएल जन्माउँदा अब्राम छयासी वर्ष पुगेका थिए।" (उत्पत्ति १६) र "२१ तिमीहरू व्यवस्थाको अधीनमा रहन चाहनेहरूले मलाई भन, व्यवस्थाले के भन्छ के तिमीहरूलाई थाहा छैन? २२ किनभने लेखिएको छ, अब्राहामका दुई छोराहरू थिए, कमारीतर्फबाट एक, अर्कोचाहिँ स्वतन्त्र स्त्रीबाट। २३ कमारीको छोरोचाहिँ शरीरअनुसार जन्मेको थियो, तर स्वतन्त्र स्त्रीबाट जन्मेको छोरो प्रतिज्ञाद्वारा।

**२४ यो कुरालाई रूपकदृष्टान्तको रूपमा लिन सकिन्छ। ती स्त्रीहरू दुई किसिमका करारहरू हुन्। एउटीचाहिँ सीनै पर्वतबाट दासत्वको लागि सन्तान जन्माउने हागार हो। २५ हागार अरब देशको सीनै पर्वत हो, र वर्तमान यरूशलेमसँग त्यसको तुलना गर्न सकिन्छ। किनकि त्यो आफ्ना बालकहरूका साथ दासत्वमा छ। २६ तर माथिको यरूशलेम स्वतन्त्र छ, जो हाम्री आमा हुन्। २७ किनभने लेखिएको छ, "हे नजन्माउने बाँझी, आनन्द गर, हे प्रसवपीडा थाहा नपाउने, मन खोलेर कराऊ, किनभने पति भएकी स्त्रीभन्दा त्यागिएकी स्त्रीका छोरा-छोरी धेरै छन्।" २८ अब हे भाइ हो, इसहाकजस्तै हामी पनि प्रतिज्ञाका सन्तान हौं। २९ तर त्यस बेला जसरी शरीरअनुसार जन्मेकोले आत्माअनुसार जन्मेकोलाई सताउँदथ्यो, अहिले पनि त्यस्तै छ। ३० तर धर्मशास्त्रले के भन्दछ? "कमारी र त्यसको छोरालाई निकालिदेऊ, किनभने दासी-पुत्र स्वतन्त्र स्त्रीको छोरासँग उत्तराधिकारी हुनेछैन।" ३१ यसकारण भाइ हो, हामी कमारीका होइनौं, तर स्वतन्त्र स्त्रीका सन्तान हौं" (गलाती ४:२१-३१)।**

"नडराऊ, म तिम्रो ढाल हुँ, म तिमीलाई ठूलो इनाम दिनेछु" भनेर परमेश्वरले अब्रामलाई भन्नुभएतापनि (उत्पत्ति १५:१) उहाँले दिनु हुने इनामप्रति उनले शङ्का गरेका थिए। उनको निम्ति आफ्नो श्रीसम्पति सम्हाल्ने छोरो नै इनाम थियो। तर बुढेसकालमा त्यो इनाम पाउने कुरामा उनले शङ्का गरे। उनको त्यो शङ्का निबारणको निम्ति उनले त्यतिखेरै नबुझेतापनि उनको आफ्नै छोरो हुनेछ भनेर परमेश्वरले उनलाई आश्वास्त गर्नुभएको थियो। आफ्नो छोरो हुने परमेश्वरले प्रतिज्ञा गर्नुभएको धेरै वर्ष भयो, अझै पनि उनको छोरो हुने कुनै लक्षण न त उनले न ता साराईले देखे। परमेश्वरको शक्तिशाली भविष्यवाणी पछि त्यत्रो समय बित्दा त्यो भविष्यवाणी पूरा नहुने अब्रामले देखेका थिए। स्पष्टरूपमा भन्ने हो भने परमेश्वरमाथि अब्रामको विश्वास ढलमिलियो वा हरायो भने पनि हुन्छ। बाँझी साराई पनि अत्यन्तै निराश र हतार मान्दै त्यसबेलाको चलनचल्ती अनुसार ल्याइटे ल्याउन अब्रामलाई उक्साइन्। मध्यपूर्वको चलन अनुसार ल्याइटेबाट पाएको सन्तान मालिककै हुने थियो। (आजभोलीको वैज्ञानिक युगमा कुनै श्रीमानको विर्य बाँझी श्रीमतीको सरसल्लाहमा अरू कुनै स्त्रीमा राखेर तिनीहरूको निम्ति सन्तान जन्माउँछिन्। त्यो विर्य कसको हो त्यो उसैको सन्तान हो भनेर कानुनी वैधता दिएको हुन्छ। हुन त कतिपय समयमा सुत्केरी महिलाले

आफूले जन्माएको सन्तान आफ्नै हुनुपर्छ भनेर मुद्दा पनि चलाएको पाइन्छ। यही सन्दर्भमा आफ्नो सन्तान अर्कै स्त्री वा हागारबाट जन्माउने नीतिलाई त्यसबेलाको चलन अनुसार साराईले पनि अवलम्बन गर्नाले उनले आधुनिक सरोगेटको अवधारणालाई स्वीकार गरेकि थिइन् भनेपनि हुन्छ-अनुवादक)।

मिश्र देशकी कमारी हागारलाई वैकल्पिक वा सरोगेट आमा हुन दुवै अब्राम र साराईले निर्णय गरे (किन प्रार्थना गरेन?- अनुवादकको प्रश्न)। स्थानीय संस्कार वा चलन अनुसार त्यो काम सिद्ध त भयो। यो मानवीय रणनीति परमेश्वरमाथि विश्वास र भरोसा राखेर चल्नुभन्दा पनि कुशल र प्रभावकारी देखिएको थियो। साराईको सम्बन्ध अब्रामसँग कस्तो थियो भन्ने कुराले हामीलाई अदनको बगैंचामा आदम र हव्वाको कथालाई याद दिलाउँछ। दुवै आदम र अब्राम चुपचाप आफ्ना श्रीमतीहरूको कुरा सुन्ने, विरोध नगर्ने, छलफल र परमेश्वरसँग प्रार्थना नै नगरि श्रीमतीहरूको खतनमा रहने श्रीमानहरू रहेछ भनेर देखाउँछ। दुवै मामिलामा स्त्रीहरूको कुरा सुने भनेर उल्लेख गरिएको छ। परमेश्वरको भन्दा स्त्रीको कुरा सुने भन्ने कुरो उल्लेख गरिएकोले दुवैको मामिलामा परमेश्वरको असहमत थियो भनेर देखाउँछ।

प्रेरित पावलले अब्राम, साराई र हागारको यस कथालाई अनुग्रहबाट होइन काम वा धर्मकर्मबाट मुक्ति पाउने कुरालाई औंल्याउँछन् (गलाती ४:२३-२६)। दुवै आदम र हव्वा, र अब्राम र साराईको मानवीय मामिलामा तुरन्तै नतिजा त पाए, तर त्यो परमेश्वरको चाहना वा इच्छा बिपरित थियो। त्यसले गर्दा संसारको भविष्य नै डाँवाडोल हुनेतिर अग्रसर गरायो। यो पनि थाहा पाउनहोस्, दुवै मामिलामा परमेश्वरले तुरन्तै हस्तक्षेप गर्नुभएन। साराईले परमेश्वरको बारेमामा बोल्छिन् तर उहाँसँग कहिल्यै पनि सरसल्लाह मागिनन् वा प्रार्थना गरिनन्; न त हव्वाको मामिलामा उनले पनि परमेश्वरको नाउँ त लिइन् तर उहाँसँग प्रार्थना गरिनन्। विशेष गरेर परमेश्वरको तिनीहरूको बीचमा अगाडि नै परमेश्वरको सक्रिय उपस्थिति भएतापनि त्यसबेला उहाँको देखावटी अनुपस्थितिलाई अत्यन्तै उल्लेखनीय मान्नुपर्दछ।

जब हागार आफ्नी मालिक्नीबाट भाग्छिन् तब उनीकहाँ परमेश्वर देखा पर्नुहुन्छ। अचानक परमेश्वरको देखा पर्नुभएको विवरणले उहाँसँग सरसल्लाह नै नगरि मानिसले जे प्रयास गरेतापनि त्यो उहाँलाई थाहा हुन्छ भनेर खुलासा गर्दछ। "परमेश्वरको दूत" (उत्पत्ति १६:७) भन्ने सम्बोधनलाई

प्रायजसो यह्वे YHWH सँग परिचित गराउँदछ (उत्पत्ति १८:१,१३,२२)। अब हागारको मामिलामा परमेश्वर नै पहिला अघि सर्नुहुन्छ र हागारको छोरै हुन्छ भनेर उहाँले भन्नुहुन्छ र उसको नाउँ इश्माएल राख्नु भनेर उनलाई अऱ्हाउनुहुन्छ। इश्माएलको अर्थ "परमेश्वरले सुन्नुभएको छ" हो (उत्पत्ति १६:११)। परमेश्वरले सुन्नुभयो शामा shama भनेर हागारले भनेकी बोली त्यही बोली हो जुन् अब्रामले साराईको आवाजलाई सुने भन्नेमा प्रयोग गरिएको छ (उत्पत्ति १६:२)। यो हामीले अर्थमूलक ठान्नुपर्दछ। कसको आवाज सुन्ने? परमेश्वरको कि साराईको?

***अब्रामले गरेको भुल हामीले पनि सजिलैसँग किन गर्न सक्छौं वा गरिरहेका हुन्छौं?***

## ३. अब्राहमसँग गरिएको करारको चिन्ह

**यहूदी जातिको परम्परामा खतना अब्राहमको समयदेखि सुरुभएको थियो र अहिले पनि त्यो परम्परा जारि छ। तर, त्यस रीतिमा आत्मिक र भविष्यवाणीको अभिप्राय वा अर्थ के छ? हेर्नुहोस्, उत्पत्ति १७:१-१९ "१ जब अब्राम उनान्सय वर्षका भए तब परमप्रभु अब्रामकहाँ देखा पर्नुभयो, र तिनलाई भन्नुभयो, "म सर्वशक्तिमान् परमेश्वर हुँ। मेरो सामु हिँड्, र निर्दोष भएर बस्। २ मेरो र तिम्रो बीचमा म आफ्नो करार पक्का गर्नेछु, र म तिम्रो अत्यन्तै वृद्धि गराउनेछु।"**

**३ तब अब्राम घोप्टो परे, र परमेश्वरले तिनलाई यसो भन्नुभयो, ४ "हेर्, यो मेरो करार तिमीसँगै छ। तिमी असंख्य जाति-समूहको पिता हुनेछौ। ५ अब उप्रान्त तिम्रो नाउँ अब्राम हुनेछैन, तर अब्राहाम हुनेछ, किनकि मैले तिमीलाई असंख्य जातिसमूहको पिता तुल्याएको छु। ६ म तिमीलाई अत्यन्तै फल्दो-फुल्दो तुल्याउनेछु, र तिमीबाट धेरै जातिहरू बनाउनेछु। तिमीबाट राजाहरू उत्पन्न हुनेछन्। ७ तिमी र तिमीपछिका तिम्रा सन्तानका परमेश्वर हुनलाई मेरो करार मेरो र तेरो र तिमीपछिका तिम्रा सन्तानहरूका बीचमा युग-युगसम्म स्थापित गर्नेछु। ८ तिमीले प्रवास गरेको यो देश, अर्थात् सारा कनान देश तिमी र तिम्रा भावी सन्तानलाई अनन्त अधिकारको निम्ति दिनेछु, र म तिनीहरूका परमेश्वर हुनेछु।" ९ अनि परमेश्वरले अब्राहामलाई भन्नुभयो, "तिमीले चाहिँ मेरो करार पालन गर्नुपर्छ– तिमी र तिमीपछिका तिम्रा सन्तानहरूले तिनका पुस्तौंसम्म। १० मेरो र तिम्रो, र तिमीपछिका तिम्रा सन्तानहरूका बीचमा भएको तिमीहरूले पालन**

गर्नुपर्ने मेरो करार यही होः तिमीहरूमध्येको हरेक पुरुष-जातिको खतना हुनुपर्छ। ११ तिमीहरूको आफ्नो खलड़ीको खतना हुनुपर्छ। मेरो र तिमीहरूका बीचमा भएको करारको चिन्ह यही हुनेछ। १२ तिमीहरूका पुस्तौंसम्म तिमीहरूमा हरेक पुरुष आठ दिनको हुने बित्तिकै त्यसको खतना गरिओस्, र साथै तिनीहरूको पनि, जो तिमीहरूका सन्तान होइनन्, चाहे घरमा जन्मेको होस् अथवा कुनै विदेशीबाट दाम हालेर किनेको होस्। १३ चाहे तिम्रो घरमा जन्मेको होस् वा दाम हालेर किनेको होस् जसको खलड़ीको खतना भएको छैन, त्यसको खतना हुनैपर्छ। यसरी मेरो करार तिमीहरूको शरीरमा पछि परन्तुसम्म हुनेछ। १४ खतना नगरिएको जुनसुकै पुरुष-जाति जसको खलड़ीको खतना भएको छैन, त्यो मानिस आफ्नो जातिबाट बहिष्कार गरिनेछ। त्यसले मेरो करार भङ्ग गर्छ।" १५ फेरि परमेश्वरले अब्राहामलाई भन्नुभयो, "तिम्री पत्नी साराईलाई चाहिँ अबदेखि साराई नाउँले नबोलाउनू, तर त्यसको नाउँ सारा हुनेछ। १६ म त्यसलाई आशिष् दिनेछु, र निश्चय नै त्यसबाट म तिमीलाई एउटा छोरो दिनेछु। म त्यसलाई आशिष् दिनेछु, र त्यो धेरै जातिहरूकी आमा हुनेछे। जाति-जातिहरूका राजाहरू त्यसबाट उत्पन्न हुनेछन्।" १७ तब अब्राहाम घोप्टो परी मनमनै हाँसेर भने, "के सय वर्ष पुगिसकेकोलाई सन्तान होला? नब्बे वर्ष पुगेकी साराले बालक जन्माउलिन् र?" १८ अनि अब्राहामले परमेश्वरलाई भने, "इश्माएल नै तपाईंको आशिष्मा बाँचिरहे त हुन्छ।" १९ तब परमेश्वरले भन्नुभयो, "हो, तर तिम्री पत्नी साराले नै तिम्रो लागि एउटा छोरा जन्माउनेछिन्, र तिमीले त्यसको नाउँ इसहाक राख्नेछौ। म त्यससित र त्यसपछि हुने त्यसका सन्तानसित आफ्नो करार स्थापित गर्नेछु।" र रोमी ४ अध्याय तर विशेष पद ११ "१ अब, शरीरअनुसारका हाम्रा पुर्खा अब्राहामको सम्बन्धमा हामी के भनौं त? २ यदि अब्राहाम कामद्वारा धर्मी ठहरिएका भए उनलाई घमण्ड गर्ने केही ठाउँ रहनेथियो, तर परमेश्वरको अगाडि त होइन। ३ किनकि पवित्र-शास्त्रले के भन्छ? "अब्राहामले परमेश्वरमाथि विश्वास गरे, र त्यो उनको निम्ति धार्मिकता गनियो।" ४ अब काम गर्नेले जुन ज्याला पाउँछ त्यो दान होइन, तर त्यो उसको पाउने हक हो। ५ जसले कर्मचाहिँ गर्दैन, तर भक्तिहीनलाई धर्मी ठहराउनुहुने परमेश्वरमाथि भरोसा राख्तछ, त्यस्तो मानिसको विश्वास धार्मिकता गनिन्छ। ६ परमेश्वरले कर्मविना नै धार्मिक गन्नुहुने मानिसलाई यी वचनद्वारा दाऊदले धन्यका भन्छन्, ७ "तिनीहरू धन्यका हुन्, जसका अपराधहरू क्षमा भएका छन्, र जसका पापहरू ढाकिएका छन्। ८ त्यो मानिस धन्यको हो, जसको पापको

लेखा परमप्रभुले लिनुहुन्न।" ९ के यो आशीर्वाद खतनावालहरूका निम्ति मात्र हो? कि बेखतनावालहरूका निम्ति पनि हो? अब्राहामको निम्ति त उनको विश्वास नै धार्मिकता गनिएको थियो भनी हामी भन्दछौं। १० तब कसरी यो उनको निम्ति धार्मिकता गनियो? उनको खतना हुनभन्दा अघि वा पछि? उनको खतना भइसकेपछि होइन, तर अघि। ११ खतना नहुँदै विश्वासद्वारा पाउने धार्मिकताको चिन्ह वा छाप स्वरूप उनले खतना पाएका थिए। खतनाविनै विश्वास गरेर धर्मी गनिएका सबैका उनी पिता होऊन् भन्ने उद्देश्यले यो भएको हो। १२ उनी ती खतनावालहरूका पनि पिता हुन्, जसका खतना भएको मात्र होइन, तर जसले विश्वासको त्यही नमूनालाई पछ्याउँछन्, जुन विश्वास खतना हुन अघि हाम्रा पिता अब्राहाममा थियो। १३ संसारको उत्तराधिकारी हुनलाई अब्राहाम र उनको वंशलाई दिइएको प्रतिज्ञा व्यवस्थाद्वारा आएको होइन, तर विश्वासको धार्मिकताद्वारा आएको हो। १४ यदि व्यवस्था पालन गर्नेहरू मात्र उत्तराधिकारी हुन्छन् भनेता विश्वास रद्द र प्रतिज्ञा व्यर्थ हुन्छ। १५ किनभने व्यवस्थाले क्रोध ल्याउँछ, तर जहाँ व्यवस्था छैन त्यहाँ अपराध पनि हुँदैन। १६ त्यसैले यो प्रतिज्ञा विश्वासमाथि निर्भर गर्दछ, यस हेतुले कि प्रतिज्ञा अनुग्रहमाथि भर परेर अब्राहामका सबै वंशहरूका निम्ति पक्का होस्। यो प्रतिज्ञा व्यवस्था पालन गर्नेहरूका निम्ति मात्र नभएर अब्राहामको जस्तो विश्वासमा हुनेहरूका निम्ति पनि हो, किनकि अब्राहाम हामी सबैका पिता हुन्। १७ जसो लेखिएको छ, "मैले तिमीलाई धेरै जातिहरूका पिता बनाएको छु।" जुन परमेश्वरमाथि अब्राहामले विश्वास गरे, उहाँको दृष्टिमा उनी हामी सबैका पिता हुन्। उहाँले मरेकाहरूलाई पनि जीवन दिनुहुन्छ, र अस्तित्वमा नभएका थोकहरूलाई बोलाई अस्तित्वमा ल्याउनुहुन्छ।

१८ "तिम्रा सन्तान पनि यस्तै असंख्य हुनेछन्" भनेर परमेश्वरले भन्नुभएअनुसार, आशा पटक्कै नहुँदा पनि अब्राहामले आशा राखी विश्वास गरे, र यसरी उनी धेरै जातिहरूका पिता बने। १९ प्रायः सय वर्ष पुगिसकेका अब्राहाम मरेतुल्य भइसकेको आफ्नो शरीर तथा साराको कोख बाँझो भएको बुझेर पनि विश्वासमा कमजोर भएनन्। २० परमेश्वरको प्रतिज्ञाबारे कुनै शङ्काले उनलाई डगमगाउन सकेन, तर आफ्नो विश्वासमा दह्रिलो भएर उनले परमेश्वरलाई महिमा दिए। २१ प्रतिज्ञा गर्नुभएको कुरा परमेश्वरले गर्न पनि सक्नुहुन्छ भन्ने अब्राहामलाई पूरा निश्चय थियो। २२ यसैकारण पनि उनको विश्वास "उनको निम्ति धार्मिकता गनियो।" २३ धार्मिकता "गनिएको हो" भन्ने यो वचन उनैको

**खातिर मात्र लेखिएको होइन, २४ तर हाम्रा निम्ति पनि हो। हामी जसले येशू हाम्रा प्रभुलाई मरेकाहरूबाट जीवित पार्नुहुनेमाथि विश्वास गर्छौं, यो हाम्रा निम्ति पनि गनिनेछ। २५ उहाँ हाम्रा अपराधहरूका निम्ति मारिनुभयो, र हामीलाई धर्मी तुल्याउनलाई जीवित पारिनुभयो।"**

उत्पत्ति १६को घट्नाले अब्राममा विश्वासको कमी थियो भनेर देखाएको थियो। उनको आत्मिक यात्रामा परमेश्वरसँगको सम्बन्ध केही समयको निम्ति टुटेको थियो। त्यस समय परमेश्वर मौन हुनुभएको थियो। फेरि पहिलो पल्ट अहिले, परमेश्वर बोल्नुहुन्छ। परमेश्वरले अब्रामसँग फेरि सम्बन्ध स्थापना गर्नुहुन्छ र उहाँले उनीसँग बाँध्नु भएको करारलाई औँल्याउन (उत्पत्ति १५:१८) उनलाई ठिक ठाउँमा फेरि ल्याउनुहुन्छ।

अब परमेश्वरले अब्रामलाई उनीसँग गरेको करारको चिन्ह दिनुहुन्छ। त्यो चिन्ह थियो अब्राम र उनका परिवार र उनीसँग रहेका सम्पूर्ण पुरुष सदस्यहरूले गर्नुपर्ने खतना। यस खतनाको रीतिमा रगत समावेश भएको हुन्छ। खतनाको रीति अब्राहमबाट नै सुरु भएको थिएन। हेर्नुहोस् प्रस्थान ४:२४,२५ "(मोशाकी श्रीमती) सिप्पोराले एउटा चकमकको कर्द लिएर आफ्नो छोराको खलड़ी च्वाट्टै काटेर मोशाको खुट्टामा छुवाइन्, अनि तिनले भनिन्, "तपाईं मेरो निम्ति रगतको दुलहा हुनुहुन्छ।" २६ यसैले परमप्रभुले तिनलाई छोड़िदिनुभयो। तिनले खतनाको कारणले गर्दा भनेकी थिइन्, "तपाईं रगतको दुलहा हुनुहुन्छ।"

खतनाको बारेमा बाइबलका विद्वानहरूको बीचमा विभिन्न तर्कहरू छन्, यद्यपि, यो बलिको सन्दर्भमा बुझ्न सकिन्छ। खतना गरिँदा परमेश्वरको धार्मिकता अब्रामलाई ओढाइदिएको थियो (रोमी ४:११)।

यो खतनाको करारको अर्को उल्लेखनीय पक्ष भनेको यसले मसीहको बारेमा गरिएको पहिलो भविष्यवाणीलाई औँल्याउँछ (उत्पत्ति १७:७सँग उत्पत्ति ३:१५ तुलना गर्नुहोस्)। ती दुई पदहरूको बीचमा भएको समानान्तर अर्थले यो बताउँदछ कि परमेश्वरले अब्रामलाई दिनुभएको प्रतिज्ञामा केवल मानिसहरूको भौतिक जन्मको बारेमामात्र चासो देखाउनुभएको थिएन, तर यसमा पृथ्वीका सम्पूर्ण मानव प्राणीलाई उपलब्ध हुने आत्मिक प्रतिज्ञा पनि त्यसमा समावेश भएको थियो। जब "अनन्तको करार" (उत्पत्ति १७:७) भनेर उल्लेख गर्दछ त्यसले मसीहको कामलाई सम्बोधन गरेको हुन्छ। त्यो हो,

जसले ख्रीष्टलाई विश्वासद्वारा ग्रहण गर्छ र जो त्यस विश्वासमा हिँड्छ त्यसलाई ख्रीष्टको बलिले अनन्त जीवन दिनेछ भन्ने बाचा (रोमी ६:२३, तितस १:२)।

अनन्त भविष्यको प्रतिज्ञाले गर्दा अब्राम र साराईको नाउँमा भएको परिवर्तन पनि घटलाग्दो छ। तिनीहरूको परिवर्तित नाउँले तिनीहरूको बर्तमान प्रतिष्ठालाई जनाउँछ। अब्रामको अर्थ "सम्मानित पिता" हो भने साराईको अर्थ "मेरी राजकुमारी" (अर्थत् अब्रामको निम्ति राजकुमारी)। तिनीहरूको नयाँ नामाङ्करणले तिनीहरूको भविष्यलाई औंल्याइएको थियोः अब्राहमको अर्थ "धेरै राष्ट्रहरूका पिता" र साराको अर्थ सबैको राजकुमारी। ती नाउँहरूको बिपरित इसहाकको नाउँ "ऊ हाँस्नेछ" भनेर परमेश्वरले नै उनको नाउँ राख्नुभएको थियो। यसले अब्राहमको हँसीलाई याद दिलाउँछ। बाइबलमा यो नै पहिलो हाँसोको लेखा राखिएको छ (उत्पत्ति १७:१७); बुढेस काल लागेको अब्राहम र उमेर गइसकेको साराईले छोरो पाउँछ भन्ने परमेश्वरको वचन सुन्दा उनी शङ्काले गरेर हाँसेका थिए वा उनी अचम्म मानेर पनि हाँसेको हुनुपर्दछ। जे भएतापनि, परमेश्वरले स्पष्टरूपमा उनलाई दिनुभएको प्रतिज्ञालाई उनले विश्वास गरेतापनि त्यस प्रतिज्ञामा रहिरहन अब्राहमले परमेश्वरमाथिको विश्वास र भरोसाको निम्ति संघर्ष नै गर्नुपरेको थियो।

**कतिपय समयमा हामी विश्वासमा रहन संघर्ष गर्नुपर्छ तैपनि अब्राहमले जस्तै विश्वासमा अटल भएर बस्न हामी कसरी सिक्ने? बेला बेलामा आउने संघर्ष र शङ्काको बाबजुद पनि परमेश्वरमाथि आस्था र भरोसा राख्न हामी किन छोड्नुहुन्न?**

## ४. प्रतिज्ञाको पुत्र

प्रत्येक पुरुषलाई गरिएको खतनाको अन्तिम उत्पत्ति १७:२३-२७ मा उल्लेख गरिएको छ। यसमा इश्माएलमात्र होइन अब्राहमको परिवार, कामदार र उनको संरक्षणमा रहेका सम्पूर्ण पुरुषलाई खतना गराइएको उल्लेख छ। कोल kol, अर्थात् "सबै" तथा "प्रत्येक" भन्ने शब्द उत्पत्ति १७:२३,१७मा चारपल्ट उल्लेख गरिएको छ। यस पृष्ठभूमिमा परमेश्वर फेरि अब्राहमकहाँ देखा पर्नुभएर "इसहाक"को जन्म हुने प्रतिज्ञालाई अनुमोदन गर्नुभएको थियो।

**देहायका पदहरू पढ्नुहोस्। आगन्तुक वा पाहुनाहरूलाई अतिथि सत्कार गर्ने अब्राहमको व्यहोराबाट हामी के सिक्न सक्दछौं? अब्राहमको अतिथी सत्कारलाई परमेश्वरले गर्नुभएको व्यवहारलाई तपाईंले कसरी व्याख्या गर्नु**

हुन्छ? हेर्नुहोस्, "१ दिउँसोको गर्मीमा मम्रेका फलाँटका रूखहरूनेरको आफ्नो
पालको ढोकामा अब्राहाम बसिरहँदा परमप्रभु तिनीहरूकहाँ देखा पर्नुभयो। २
तिनले आफ्ना आँखा उठाएर हेरे, र आफ्नो सामु तीन जना मानिसहरू उभिरहेका
देखे। उनीहरूलाई देखेर तिनी पालको ढोकाबाट भेट गर्नलाई कुदेर गए, र
भूइँसम्म निहुरेर दण्डवत् गरे। ३ तिनले भने, "हे मेरा प्रभु, ममाथि तपाईंको
निगाह हुन्छ भने कृपा गरी आफ्नो दासकहाँबाट त्यसै नजानुहोस्। ४ म केही
पानी ल्याउनेछु, र तपाईंहरू आफ्ना पाउ धुनुहोस्, र यही रूखमुनि आराम
गर्नुहोस्। ५ म गएर केही रोटी ल्याउनेछु, र खाएर तपाईंहरू थकाइ मार्नुहोस्,
त्यसपछि मात्र जानुहोस्, किनभने यसैको निम्ति तपाईंहरू आफ्नो दासकहाँ
आउनुभएको होला।" उनीहरूले भने, "जाऊ, तिमीले भनेअनुसार गर।" ६ तब
अब्राहाम झट्टै पालमा साराकहाँ गएर भने, "तुरुन्तै पाँच पाथी मसिनो पीठो तयार
गरी मुछेर रोटी बनाऊ।" ७ अब्राहाम आफैंचाहिँ बथानतिर कुदेर गए, र एउटा
कलिलो र असल बाछो छानेर आफ्नो नोकरलाई दिए, र त्यसले तुरुन्तै त्यो
पकायो। ८ तब तिनले दही, दूध र त्यो पकाएको बाछाको मासु लगेर
उनीहरूका सामु टक्र्याए। उनीहरूले नखाउञ्जेल तिनी उनीहरूकै नजिक
उभिरहे। ९ अनि उनीहरूले तिनलाई सोधे, "तिम्री पत्नी सारा कहाँ छिन्?" तिनले
भने, "तिनी त पालमा छिन्।" १० तब परमप्रभुले भन्नुभयो, "आउँदो साल यही
समयमा म निश्चय नै तिमीकहाँ फर्किआउनेछु, र हेर, तिम्री पत्नी साराले एउटा
छोरो जन्माएकी हुन्छे।" साराले चाहिँ यो कुरो पालको ढोकाबाट उहाँको
पछिल्तिर सुनिरहेकी थिइन्। ११ अब्राहाम र सारा वृद्ध थिए र तिनीहरूको
उमेर धेरै ढल्किसकेको थियो। साराको रजस्वला पनि बन्द भइसकेको थियो।
१२ यसकारण सारा मनमनै यसो भन्दै हाँसिन्, "म वृद्ध भइसकेकी छु, र मेरा
पति पनि वृद्ध भइसक्नुभएको छ, र के मलाई यो सुख हुन्छ र?" १३ तब
परमप्रभुले अब्राहामलाई भन्नुभयो, " 'बूढी भएर पनि मैले छोराछोरी पाउने' भनेर
सारा किन हाँसीन्? १४ परमप्रभुको निम्ति कुनै कुरो कठिन छ र? आउँदो साल
तोकिएकै समयमा म तिमीकहाँ फर्किआउनेछु, र साराको एउटा छोरा हुनेछ।"
१५ तर साराले यसो भन्दै इन्कार गरिन्, "म हाँस्दै हाँसिनँ।" किनभने तिनी
डराइन्। तर उहाँले भन्नुभयो, "तिमी हाँसेकै हो" (उत्पत्ति १८:१-१५), र "६
तर परमेश्वरको वचन विफल भएको होइन। किनकि इस्राएलबाट जन्मेका सबै
इस्राएल होइनन्, ७ न त अब्राहामका सन्तान हुँदैमा सबै तिनका छोरा-छोरी
हुन्। तर धर्मशास्त्रमा भनेअनुसार, "इसहाकबाट नै तिनीहरूको सन्तान

**गनिनेछ।" ८ यसको अर्थ, शरीरबाट जन्मेकाहरू परमेश्वरका सन्तान होइनन्, तर करारबाट उत्पन्न भएकाहरू नै अब्राहामका सन्तान हुन्। ९ त्यस प्रतिज्ञाले यसो भन्दछ, "तोकिएको समयमा म फर्केर आउनेछु, र साराको एउटा छोरो हुनेछ" (रोमी ९:६-९)।**

ती पाहुनाहरू (हिब्रू १३:२) को थिए सो अब्राहमलाई थाहा नै थियो भन्ने कुरामा स्पष्ट छैन। यद्यपि, ती पाहुनाहरूमा एक जना परमेश्वर नै हुनुहुन्छ भनेर उनले थाहा पाएका थिए भनेर उनको व्यवहारले देखाएको थियो। गर्मीको मौसममा दिउँसो घामबाट जोग्न रूखहरूको मुनि रहेको आफ्नो पालको ढोकामा उनी बसिरहेका थिए। यस्तो मौसमको समयमा पाहुनाहरू मरुभुमिमा कमै आउँथ्यो। सायद कोही आउला भनेर उनले चाहना गरिरहेको हुनसक्थ्यो। जब ती मानिसहरू आए तब उनी तिनीहरूकहाँ दगुरेर गए (उत्पत्ति १९:९)। ९९ वर्षको अब्राहम पाहुनाहरूलाई भेट्न दगुरेको दृश्य त रमाइलो नै होला। तिनीहरूमध्ये एक जनालाई उनले आडोनाइ, वा "मेरो प्रभु" (उत्पत्ति १८:३) भनेर उनले सम्बोधन गरेका थिए। यो सम्बोधन प्रायजसो परमेश्वरलाई गरिन्छ (उत्पत्ति २०:४, प्रस्थान १८:३)। अनि तिनीहरूको लागि खाना तयार पार्न उनी हतार मान्छन् (उत्पत्ति १८:६,७)। उनी तिनीहरूको नजिकै बसे। तिनीहरूको सत्कार गर्न, सेवा गर्न र खाना ख्वाउन उनी सक्रिय भएका थिए (उत्पत्ति १८:८)।

स्वर्गका जीवहरूलाई अब्राहमले गरेका अतिथी  सत्कार प्रेरणादायी अनुकरणीय उदाहरणको नमुना थियो भनेर पावलले बताउदछ (हिब्रू १३:२)। अझ भन्ने हो भने, आगन्तुकहरूलाई सम्मानपूर्वक सत्कार गर्न अब्राहमले देखाएको व्यवहारले अतिथी सत्कारको दर्शन वा विद्यालाई देखाउँछ। अपरिचित मानिसहरूको सम्मान गर्नु र सेवा गर्नु केवल राम्रो शिष्टाचार देखाउनुमात्र होइन। बाइबलले स्पष्टसँग जोड गर्दछ कि अतिथी गर्नु प्रत्येकको धार्मिक कर्तव्य हो। यो त परमेश्वर आफैलाई लक्षित गरिएको जस्तै हो (मत्ती २५:३५-४०)। यो अचम्म मान्नुपर्दछ कि परमेश्वर  भोकाउनु भएको र आवश्यकता भएको विदेशी भनेर आफूलाई चिनाउनुभएको थियो। अब्राहमको उदारतालाई उहाँले स्वीकारेका थिए।

फेरि अर्को पक्षमा हेर्ने हो भने, मानवीय क्षेत्रमा परमेश्वरको हस्तक्षेपले उहाँको अनुग्रह र मानिसहरूलाई देखाउन चाहनुभएको प्रेमलाई देखाउँदछ। परमेश्वरको यो आगमनले ख्रीष्टको पहिलो आगमनको प्रतिध्वनी

गर्दछ। उहाँ स्वर्गको घर छोड्नभयो र मानवताको सेवा गर्न मानवीय सेवक हुनुभयो (फिलिप्पी २:७,८)। अब्राहमकहाँ परमेश्वर देखापर्नुभएकोले उहाँको प्रतिज्ञाप्रति उहाँ प्रतिवद्ध हुनुभएको देखाउँदछ (उत्पत्ति १८:१०)। आफ्नो पछाडि लुकेकी सारा उहाँले देख्नुहुन्छ (उत्पत्ति १८:१२) र उनको अत्यन्तै भित्री सोच उहाँलाई थाहा छ। उहाँलाई थाहा थियो कि उनी हाँसिन्। उहाँले नै किटान गरेर उनी हाँसेकी थिइन् भनेर उल्लेख गरिएको छ। उनको शङ्कालाई नै निवारण गरेर उहाँको वचनलाई उहाँले पूरा गर्नुहुन्छ।

**"तिनीहरूप्रति उदार भएर अतिथी सत्कार गर्ने भन्दा परमेश्वर भोकाएका र विदेशी भनेर" आफूलाई चिनाउनुभएको परमेश्वरको बारेमा ध्यान दिएर सोच्नुहोस्। यो अवधारणा याद गरिराख्नु किन महत्त्वपूर्ण छ?**

## ५. सोडोममा लोत

अब्राहमको भविष्यवाणीय सेवाकार्यमा लोतप्रति उनले देखाएको जिम्मेवारीलाई कसरी प्रभाव पारेको थियो? हेर्नुहोस्, "१६ तब ती पुरुषहरू त्यहाँबाट सदोमतिर हेर्न लागे। अब्राहाम उनीहरूसित अलि परसम्म बाटो देखाउन गए। १७ परमप्रभुले भन्नुभयो, "मैले गर्न लागेको काम के अब्राहामबाट लुकाएर राखूँ? १८ अब्राहामबाट एउटा ठूलो र शक्तिशाली जाति बन्नेछ, र त्यसद्वारा नै पृथ्वीका सबै जातिहरूले आशिष् पाउनेछन् १९ किनभने त्यसले आफ्ना छोराछोरीहरू र घरानालाई धर्म र न्याय गरेर परमप्रभुको मार्ग पालन गर्नलाई आज्ञा दिओस् भनेर मैले त्यसलाई छानेको छु। यसैले नै परमप्रभुले अब्राहामसित गर्नुभएको प्रतिज्ञा पूरा गरिदिनुहुनेछ।" २० तब परमप्रभुले भन्नुभयो, "सदोम र गमोराको विरुद्धमा ठूलो आवाज उठेको छ, र तिनीहरूका पाप साह्रै ज्यादा भएका छन्। २१ अब त्यही आवाजअनुसार तिनीहरूबाट यो काम भएको हो कि होइन भनी हेर्नलाई म तल ओर्ह्लेर जानेछु। होइन रहेछ भने मलाई थाहा हुनेछ।" २२ यसकारण ती पुरुषहरू त्यहाँबाट झरेर सदोमतिर गए। तर अब्राहामचाहिँ अझै परमप्रभुकै सामु उभिरहे। २३ तब अब्राहामले नजिक गएर उहाँलाई भने, 'के दुष्टहरूसँग धर्मीहरूलाई पनि सर्वनाश गर्नुहुनेछ? २४ त्यस सहरमा पचास धर्मी जन रहेछन् भने, के त्यसमा भएका पचास धर्मी जनका निम्ति त्यस सहरलाई नजोगाएर नष्ट पार्नुहुनेछ र? २५ दुष्टका साथमा धर्मी जनलाई मार्ने काम तपाईंबाट कहिल्यै नहोस्। धर्मीको दशा पनि दुष्टको जस्तै हुनु त तपाईंबाट पर रहोस्। सारा पृथ्वीका न्यायकर्ताले उचित न्याय

गर्नुहुन्न र?" २६ परमप्रभुले भन्नुभयो, "सदोम सहरभित्र पचास धर्मी जन पाएँ भने म तिनीहरूका खातिर जम्मैलाई छोड़िदिनेछु।" २७ अब्राहामले भने, "हेर्नुहोस्, म केवल माटो र खरानी मात्र भएर पनि परमप्रभुसँग कुरा गर्न आँट गरेको छु। २८ पाँच कम पचास जना धर्मी जन त्यहाँ रहेछन् भने, केवल पाँच मात्र घटी भएकामा सारा सहरै तपाईं नाश गर्नुहुनेछ?" उहाँले भन्नुभयो, "त्यहाँ पैंतालीस पाएँ भने म त्यो नाश गर्नेछैनँ।" फेरि तिनले भने, "त्यहाँ चालीस रहेछन् भने?" २९ उहाँले भन्नुभयो, "चालीस जनाका खातिर पनि म त्यसो गर्नेछैनँ।" ३० तब तिनले भने, "परमप्रभुलाई रिसानी नभए म अझै बोल्नेछु। यदि त्यहाँ तीस जना पाइए भने?" उहाँले भन्नुभयो, "त्यहाँ तीसै पाएँ भने पनि म त्यसो गर्नेछैनँ।" ३१ तिनले भने, "हेर्नुहोस्, परमप्रभुसँग मैले कुरा गर्ने आँट गरिरहेछु। बीस जना पाइए भने?" उहाँले भन्नुभयो, "बीस जनाका खातिर पनि म नाश गर्नेछैनँ।" ३२ अनि तिनले भने, "परमप्रभुलाई रिसानी नहोस्। अब एक पल्ट मात्र बोल्नेछु। यदि त्यहाँ दश जना पाइए भने?" उहाँले भन्नुभयो, "दश जनाका खातिरमा पनि म त्यो नाश गर्नेछैनँ।" ३३ अब्राहामसित कुरा गरिसक्नुभएपछि परमप्रभु गइहाल्नुभयो, र अब्राहामचाहिँ आफ्नो ठाउँमा फर्के" (उत्पत्ति १८:१६-३३) र "१ साँझमा ती दुई स्वर्गदूतहरू सदोममा आए। त्यस बेला लोत सदोमको मूल ढोकामा बसिरहेका थिए। उनीहरूलाई देखेर लोत भेट गर्न उठे, र भूइँसम्म निहुरेर दण्डवत् गरी भने, २ "हजूर, कृपा गरी आफ्नो दासको घरमा पाल्नुहोस्, र त्यहीं रात बिताउनुहोस्। तपाईंहरू आफ्ना पाउ धुनुहोस् र बिहान सबेरै उठेर जानुहोस्।" उनीहरूले भने, "अँहँ, हामी बाहिर चोकमा नै सुत्नेछौं।" ३ तिनले उनीहरूलाई ज्यादै ढिपी लाएर बिन्ती गरे। यसैले उनीहरू तिनको साथ लागेर तिनको घरमा गए। तिनले उनीहरूलाई भोज दिए, र खमिर नहालेको रोटी बनाएर उनीहरूका सामुन्ने राखिदिए, र उनीहरूले खाए। ४ उनीहरू सुत्न अघि सदोम सहरका के युवक के बूढ़ा एउटै पनि नछोड़ी जम्मै मानिसहरू आएर लोतको घर रिङ्गै घेरे। ५ तिनीहरूले लोतलाई बोलाएर भने, "बेलुकी तिमीकहाँ आएका मानिसहरू कहाँ छन्? उनीहरूलाई यहाँ बाहिर हामीकहाँ ल्याऊ, र हामी उनीहरूसँग भोग गरौं।" ६ लोत ढोकाबाहिर तिनीहरूकहाँ गएर ढोकाचाहिँ आफ्नो पछिल्तिर थुनिदिए, ७ र तिनीहरूलाई भने, "हे मेरा दाजुभाइ हो, कृपा गरी यस्तो दुष्ट काम नगर्नुहोस्। ८ कुनै मानिससित सहवास नभएका मेरा दुई छोरीहरू छन्। बरु म तिनीहरूलाई नै तपाईंहरूकहाँ बाहिर ल्याइदिनेछु। तपाईंहरूको इच्छाअनुसार तिनीहरूसित व्यवहार गर्नुहोस्।

तर यी मानिसहरूलाई केही नगर्नुहोस्, किनकि उनीहरू मेरो छानामुनि आएका
मेरा पाहुना हुन्।” ९ तर तिनीहरूले भने, “पछि हट्।” अनि तिनीहरूले भने,
“हामीसँग बसोबास गर्न आएको यो मानिस अब हाम्रो न्यायकर्ता हुन
खोज्दोरहेछ। अब उनीहरूलाई भन्दा तँलाई हामी नराम्रो व्यवहार गर्नेछौं।” तब
तिनीहरूले लोतलाई घचेटे, र ढोका फोर्नलाई अगि बढ़े। १० तर भित्रका ती
दुई मानिसहरूले आफ्ना हात बढ़ाएर लोतलाई तानी आफूकहाँ घरभित्र हुले, र
ढोका थुनिदिए, ११ र उनीहरूले घरका ढोकानेर भएका साना-ठूला जम्मै
मानिसहरूलाई अन्धा पारिदिए। तब ती मानिसहरूले ढोका भेट्टाउन सकेनन्।
१२ ती दुई मानिसहरूले लोतलाई भने, “तिमीसँग यहाँ अरू कोही छन्? जुवाइँ,
कि छोराछोरीहरू, अथवा सहरमा तिम्रा अरू जो भए पनि तिनीहरूलाई लिएर यस
ठाउँबाट निस्केर जाऊ, १३ किनभने हामी यस ठाउँलाई नष्ट पार्नेछौं, किनकि
यहाँका मानिसहरूका विरुद्धमा उठेको आवाज परमप्रभुको अगि यति ठूलो भएको
छ कि यस सहरलाई सर्वनाश गर्न परमप्रभुले हामीलाई पठाउनुभएको छ।”
१४ यसैकारण आफ्ना छोरीहरूलाई विवाह गर्न माग्ने जुवाइँहरूकहाँ गएर
लोतले भने, “उठ, यस ठाउँबाट गइहाल, किनभने परमप्रभुले यो सहर नष्ट
पार्नुहुनेछ।” तर जुवाइँहरूलाई त तिनले ठट्टा गरेजस्तो लाग्यो। १५ उज्यालो
हुन लाग्दा ती दूतहरूले लोतलाई यसो भनेर आतुरी लाए, “उठ, तिम्री पत्नी र
यहाँ भएका तिम्रा दुई छोरीहरूलाई लिएर गइहाल, नत्रता यस सहरले पाउने
सजायमा तिमी पनि भस्म हुनेछौ।” १६ जब तिनले आलटाल गरिरहे, तब ती
मानिसहरूले तिनका, तिनकी पत्नीका र दुवै छोरीहरूका हात समातेर सहरबाहिर
ल्याए। किनभने परमप्रभुको दया तिनीहरूमाथि थियो। १७ तिनीहरूलाई बाहिर
ल्याएपछि उनीहरूमा एक जनाले भने, “आफ्नो ज्यान जोगाउनलाई भाग, फर्केर
पछाड़ि नहेर, र बेंसीमा कतै पनि नअड़िनू, तर पहाड़तिर भाग, नत्रता तिमीहरू
भस्म हुनेछौ।” १८ तब लोतले उनीहरूलाई भने, “हजूर हो, त्यसो नहोस्। १९
हेर्नुहोस्, तपाईंहरूको दासले तपाईंहरूको अनुग्रह पाएको छ, र मेरो प्राण बचाएर
तपाईंहरूले मलाई ठूलो करुणा देखाउनुभएको छ। म पहाड़तिर भाग्न सक्दिनँ,
नत्रता यस विपत्तिमा परेर म मर्नेछु। २० हेर्नुहोस्, ऊ त्यो सहर भाग्नलाई
नजिकै छ, र त्यो सानो पनि छ। मलाई त्यहीं नै भाग्न दिनुहोस्– त्यो साह्रै सानो
छैन र? त्यहाँ गए मेरो प्राण बाँच्ला।” २१ उनले तिनलाई भने, “हेर, यस
विषयमा मैले तिम्रो बिन्ती ग्रहण गरें। तिमीले भनेको सहरलाई चाहिँ म भस्म
गर्नेछैनँ। २२ चाँड़ो गरेर त्यहीं नै भागिजा, किनकि तिमी त्यहाँ नपुगुञ्जेल म

**केही गर्न सक्दिनँ।" (यसैले त्यस सहरको नाउँ सोअर राखियो।) २३ लोत सोअरमा पुग्दा सूर्य उदाइसकेको थियो। २४ तब परमप्रभुले सदोम र गमोरामाथि आकाशबाट आगो र गन्धक बर्साउनुभयो। २५ यसरी उहाँले ती सहरहरू र जम्मै बेंसी र सहरहरूका सबै बासिन्दाहरू र जमिनमा उम्रेका सबै थोक सर्वनाश गरिदिनुभयो। २६ तर लोतकी पत्नीले पछाड़ि फर्केर हेरिन्, र तिनी नूनको थाम भइहालिन्। २७ अब्राहाम सबेरै उठेर तिनी परमप्रभुको सामु उभिएको ठाउँमा गए। २८ तिनले तल सदोम, गमोरा र बेंसीका सबै जग्गातिर हेरे। र त्यस ठाउँबाट धूवाँ भट्टीको धूवाँजस्तै मास्तिर उठिरहेको तिनले देखे। २९ यसरी बेंसीका सहरहरू सर्वनाश गर्नुहुँदा परमेश्‍वरले अब्राहामलाई सम्झनुभयो। लोत बसेको सहरलाई उहाँले नष्ट पार्नुहुँदा त्यस सर्वनाशको बीचबाट लोतलाई निकाल्नुभयो" (उत्पत्ति १९:१-२९)।**

अब्राहमको छोरो हुनेछ भनेर परमेश्‍वरले आफ्नो प्रतिज्ञालाई पुःन दोऱ्याउनुभएको थियो। त्यो शुभसमाचारलाई पन्छाएर अब्राहमले सोडोममा रहेको आफ्नो भतिजाको भविष्यको बारेमा परमेश्‍वरसँग तिब्ररूपमा छलफलमा संलघ्न भए। अब्राहम अगमवक्ता हुनुको भूमिकामा केवल परमेश्‍वरको इच्छा उनमा प्रकट गर्नमात्रै नभएर दुष्टहरूको निम्ति पैरवी वा बिन्ति गर्न पनि उनलाई चुनिएको थियो। हिब्रू वाक्य "परमेश्‍वरको सामु अब्राहम उभिए" (उत्पत्ति १८:२२)को अर्थ उनी प्रार्थना वा परमेश्‍वरसँग बिन्ति गरिरहेका थिए भन्ने जनाउँछ।

यथार्थमा भन्ने हो भने, अब्राहमले परमेश्‍वरलाई चुनौति दिन्छन् र सोडोमलाई नाश नगर्न बहस अर्थात् मोलतोल गर्छन्। आफ्नो भतिजा लोत त्यहाँ भएकोले पनि उनलाई बचाउन परमेश्‍वरसँग पैरवी गर्छन्। ५० जनामात्र धर्मी भएको भए सोडमको नाश गर्नुहुन्छ र? (बाइबलका विभिन्न विद्धानहरूले सोडोमको जनसंख्या विभिन्न दिएतापनि कसै कसैले पाँच लाख थिए भनेर निश्कर्ष निकालेका छन्-अनुवादक)।

परमेश्‍वरले ५० जनामात्रै भएपनि नाश नगर्ने वचन अब्राहमलाई दिनुभएको थियो। सोडोममा रहेको प्रत्येक मानिसको बारेमा उहाँलाई थाहा छ र उहाँले कतिजना धर्मी छ वा छैन भनेर पनि गिन्ती गर्नुहुन्छ। परमेश्‍वरको जवाफपछि अब्राहम चकित हुँदै उनले ५० जनाबाट दश जनालाई झार्छन्। त्यतिमात्रै भएपनि आफूले त्यस सहरलाई नाश नगर्ने वचन परमेश्‍वरले दोहोऱ्याउनुहुन्छ।

जब लोतकहाँ दुई स्वर्गदूतहरू अर्थात् पाहुनाहरू लोतलाई चेतावनी दिन आएका थिए, तब तिनीहरूलाई सोडोमका मानिसहरूले के गर्न चाहेका थिए, त्यो कथा पढ्दा ती मानिसहरू कतिको खराब र दुष्ट भएका थिए भनेर देखाउँछन् (उत्पत्ति १९:१-१०)। ती देशका मानिसहरू मानसिकरूपमै असंतुलन भएको हामी देख्छौं। तिनीहरूमात्र होइन तिनीहरूको वरिपरि रहेका राष्ट्रका मानिसहरू पनि दुष्ट नै थिए। त्यसकारण, विस्तारै तिनीहरूलाई पनि तिनीहरूको भूमिबाट हटाइएको थियो (उत्पत्ति १५:१६)।

"सोडोमको अस्तित्वको अन्तिम रात आइरहेको थियो। दुष्ट र आतङ्कमा होमिन चाहने सहरमाथि परमेश्वरको प्रतिशोधको भावनाका बादलहरू झुम्मिरहेका थिए। तर, मानिसहरूले आफ्ना पाप र दुष्ट स्वभावबाट आउने परिणामहरूको बारेमा महसुस गरेका थिएनन्। जब परमेश्वरका दुतहरू त्यस सहरलाई नाश गर्ने लक्ष्यले अघि बढिरहेका थिए तब त्यस देशका मानिसहरू मोजमज्जा, धनदौलत कमाएर सम्पन्न हुने जस्ता मनिस्थितिमा हराइरहेका थिए। अन्तिम दिन पनि अरू कुनै दिन जस्तै थियो। रमाइलो र सुरक्षित ठानिएको सहरलाई बेलुकीको समय ओर्लेको थियो। जब घाम अस्तायो तब त्यस देशको प्राकृतिक सौन्दर्य दृश्यमा त्यस घामको किरण छाइरहेको थियो। बेलुकीको शितल हावामा त्यस सहर नुहाइरहेको थियो। मोजमज्जा, मनबहलाउने मनोरञ्जन, खानपिनमा मानिसहरू व्यस्त थिए। प्रत्येक क्षण रमाइलो गर्न मानिसहरू यताउति घुमिरहेका थिए।"-एलेन जी ह्वाइट, *प्रोफेटस एण्ड किङ्गस्,* पृ. १५७,१५८बाट रूपान्तरित।

आखिरमा लोत, उनकी श्रीमती, र उनका दुई छोरोहरूलाईमात्रै परमेश्वरले बचाउनुभयो (उत्पत्ति १९:१५)। अब्राहमले माग गरेको १० जनाभन्दा आधिमा पनि कमैलाईमात्र परमेश्वरले नाश गर्नुभएन। विवाहको निम्ति कुरा मिलाइसकेका हुनेवाला लोतका ज्वाईंहरू उनको चेतावनीलाई हँसी उडाएर सहरमै बसे (उत्पत्ति १९:१४)।

त्यसबेलाको अत्यन्तै सौन्दर्मय देश आखिरमा नाश भयो। हिब्रु शब्द hafakh हाफख वा "भष्म, नष्ट, सर्वनाश" हो जुन उत्पत्ति १९:२१,२५,२९मा धेरै पल्ट दोहोऱ्याइएको छ। यसलाई बाइबलको पछिका लेखहरूमा सोडोमको बिनाशको भनेर उल्लेख गरिएको छ (व्यवस्था २९:२३, आमोस ४:११)। त्यसको अर्थ देश विपरित दिशामा गएको भन्ने जनाउँछ। जलप्रलयले पनि परमेश्वरको सुरुको सृष्टिको अवस्थालाई उल्टोपाल्टो पारिएको थियो (उत्पत्ति

६:७)। सोडोमको नाशले त्यो देश अदन बगैंचा जस्तो सौन्दर्मय (उत्पत्ति १३:१०) अवस्थाबाट उल्टो गएको थियो। सोडोमको नाशले अन्तको समयको नाश हुने कुराको गवाही पनि हो भनेर हामीलाई सचेत गराइएको छ (यहूदा ७)।

## उपसंहारः

**एलेन जी ह्वाइटको पाट्रियार्क एण्ड प्रोफेटसको पृ. ३७०-३७३को लेख "द ल एण्ड द कभनान्टस्।"**

सोडोमका मानिसहरूको नाश नहोस् भनेर अब्राहमले धैर्यता र तिब्रतासाथ परमेश्वरसँग अनुनय बिन्ती गरेका थिए (उत्पत्ति १८:२२-२३)। दुष्टहरू पापले गर्दा नाशै हुनेभएतापनि तिनीहरूको लागि हामीले प्रार्थना गर्नुपर्छ भन्ने कुरो अब्राहमले हामीलाई सिकाउँदछ। अर्को कुरो परमेश्वरले अब्राहमको प्रार्थनालाई धैर्यतापूर्वक सुन्नुभएर ठिकै छ १० जनामात्रै भएपनि नाश नगर्ने उहाँको प्रण एक क्रान्तिकारी सोच हो। बाइबलका विद्वान गरहार्ड हेसेलले यसरी औंल्याउँछन्, "दण्डको निम्ति पर्खिरहेका पापी अधर्मी समाजको बीचमा रहने परमेश्वरका निर्दोष जनहरूको माझमा एक अत्यन्तै क्रान्तिकारी तर पुरानो नै हो सोच प्रस्तुत गरिएको छ। परमेश्वरका जनहरू भन्ने सबैले त्यसलाई मनन गर्नु जरुरी छः परमेश्वरका बचेखुचेका धर्मी सन्तान पापी र अधर्मी मानिसहरूको बीचमा रहनुभन्दा त्यस पूरै समाजलाई सुरक्षित गर्द सक्दछ। परमेश्वरका धर्मी र बचेखुचेका सन्तानको निम्ति यह्वेले आफ्नो धार्मिकतामा (tsedaquah टेस्डाक्व) दुष्ट सहरलाई क्षमा दिन सक्नुहुन्छ। यो अवधारणा यह्वेका पुत्र येशूले धेरैलाई मुक्ति दिने भविष्यवाणीमा उच्चारण गरिएको छ।"-गेरहार्ड एफ. हासेल, *द रेमनान्टः द हिस्टोरी एण्ड थियोलोजी अभ द रेमनान्ट आइडिया फ्रम जेनसिस टु आइजाया,* तेस्रो संस्कण (बेरियन स्प्रिङ्ग, आन्द्रु, १९८०), पृ. १५०,१५१बाट रूपान्तरित)।

"सोडोमका मानिसहरू फसेको जस्तै हाम्रा वरिपरि मानिसहरू अत्यन्तै निराश र डरलाग्दो अवस्थामा छन्। प्रत्येक दिन परमेश्वरले बाँच्न दिनुभएको अवसर मानिसहरूले गुमाइरहेका छन्। प्रत्येक घन्टा वा पल परमेश्वरको दयाको पहुँचभन्दा मानिसहरू बाहिर गइरहेको देखाइरहेको छ। यस भयानक बिनाशबाट मानिसहरू जोगिन चेतावनी दिने आवाजहरू खोइ? मृत्युबाट रोक्न हातहरू समात्ने मानिसहरू खोइ? बिनम्र र सुरक्षित विश्वासमा रहेका जनहरूले

परमेश्वरसँग तिब्रताकासाथ पैरवी वा बिन्ती गरिरहनुपर्दछ। तर, तिनीहरू खोइ? अब्राहमको आत्मा वा जोश ख्रीष्टकै आत्मा वा जोश थियो। पापीहरूको निम्ति पैरवी वा बिन्ती गर्ने महान् बिन्तीकर्ता परमेश्वरको आफ्नै पुत्र हुनुहुन्छ। मानिसको मुक्तिको मोल तिर्न आफूले चुकाएको मूल्यले मानिस कतिको अमूल्य छ भन्ने मूल्याङ्कन केवल प्रभु येशू ख्रीष्टलेमात्र गर्नुभएको छ।"- एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्*, पृ. १४०बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. केवल इन्द्रेणी र खतना "करारको चिन्ह" भनेर सम्बोधन गरिएको छ। ती दुईको बीचमा के समानता र भिन्नता छ?

आ. परमेश्वरबाट बोलालहत भएतापनि, प्रायजसो विश्वासको धरोहर भनेर नयाँ करारले सम्बोधन गरिएतापनि बेलाबेलामा अब्राहम विश्वासमा चुकेका थिए। उनको जीवनबाट के पाठहरू सिक्नुपर्छ र पर्दैन?

इ. परमेश्वर प्रेमको परमेश्वर हुनुभएकोले परमेश्वरले दुष्ट र पापमै रमाउन चाहनेहरूलाई नाश गर्नुहुन्न भनेर कतिपय मानिसहरूले तर्कबितर्क गर्छन्। हामी परमेश्वरका भक्तहरूले त्यस तर्कलाई कसरी जवाफ दिने? परमेश्वरले दुष्टलाई नाश गर्नुहुन्छ तर उहाँको खासै चाहना के हो र दुष्टले गर्नुपर्ने कर्तव्य के हो सोको बारेमा चिन्तन गर्नुहोस्।

## कथा ७
## भोजभतेर कि परमेश्वर
## बेसी लेचिना, ३५, बोत्स्वाना



प्रत्येक आइबार एडेभन्टिस्ट चर्च किन बन्द हुन्छ भन्ने कुरा बेसीले बुझ्न सकेकी थिइनन्। नयाँ आराधना गर्ने ठाउँ खोज्दै धेरै आइतवार उनी हिँडिरहेकी थिइन्।

दिक्क मानेर आखिरमा चर्च नजिक रहेको घरको आँगन मैदानमा एक जना उभिरहेकी केटीलाई सोधिन्, "हैन, यो चर्च कहिले खुल्छ?" त्यो चर्च बोत्सावानाको मूख्य सहरमा थियो। "म त जहिले पनि यो चर्च बन्द भएको देख्छु," उनले थपिन्। त्यो केटीले जवाफ दिइन्, "यो त एडभेन्टिस्ट चर्च हो। यो शनिबारमात्र खुल्छ। तर तपाईँ त्यहाँ आराधना गर्न सक्नुहुन्छ जस्तो मलाई लाग्दैन। एडभेन्टिस्ट हुनु धेरै गारहो छ।" "त्यसको अर्थ मैले बुझिनँ?" बेसीले सोधिन्। यस चर्चका मानिसहरू शनिबारै चर्च जान मनपराउँछन् र ती मानिसहरू भोजभटेर रमझममा जान्दैनन् र गहनाहरूपनि लगाउँदैन। बोट्स्वानामा शनिबारको दिन युवयुवतीहरू पार्टीहरूमा रमाइलो गर्न जान्छन्। पार्टीहरूमा नजाने र आफ्ना गहनाहरू नफ्याँक्ने मनस्थिति लिएकी बेसीले त्यस केटीलाई सुनाइन्, "ए, त्यसोभए यस चर्चमा म आराधना गर्न सक्दिनँ।"

इसाई परिवारमा नजन्मेकी र नहुर्केकी बेस्सीलाई परमेश्वरको बारेमा कमै थाहा थियो। तर हाइस्कूलको ग्राज्युएट पछि र विश्वाविद्यालय जानुभन्दा अघि लामो बिदाको बिचमा उनी इसाई हुन निर्णय गरेकी थिइन्। उनले धेरै चर्चहरू चहारेकी थिइन्, अनि त्यसैबेला एडभेन्टिस्ट चर्च जहिले पनि आइतबारमा बन्द भएको उनले देखेकी थिइन्।

बिदापछि, उनी बोट्सवानाको राजधानी ग्याबोरोनमा विश्वविद्यालयमा अध्ययन गर्न सरिन्। त्यस विश्वविद्यालयको छात्रवासको आफ्नो कोठेमित्र सोलोफिलाङ्ग बुधवार, शुक्रवार र शनिबार चर्च गएको थाहा पाइन् तर उनले वास्ता गरिनन्। बरू शनिबार उनी पार्टीहरूमा गइन् र आइतबार चर्च जान चर्च खोज्न थालिन्। तर ती चर्चहरूमा केवल प्रचारमात्र गरिन्थ्यो तर तिनीहरूले बाइबल धेरै प्रयोग नगरेको महसुस गरिन्। जसको फलस्वरूप उनले केही पनि सिकिनन्। धेरै महिनापछि बेस्सीले आफ्नो कोठेसाथीलाई सोधिन्, "तिमी कुन चर्चमा हप्ताको तीन दिन जान्छयौ?" "म एडभेन्टिस्ट

चर्चमा जान्छु, हामी शनिबार परमेश्‌वरको आराधना गर्छौं," उनले जवाफ दिइन्। उनको साथीले कुनै गहना नलगाएको बेस्सीले महसुस गरिन् र केही महिना अघि एक जना केटीसँग आफ्नो घरसहरमा कुरा गरेको याद गरिन्। आफू एडभेन्टिस्ट चर्चमा आराधना गर्न नसक्ने उनले फेरि सोचिन्।

धेरै आइतबारमा चर्चहरूमा गएपछि ती चर्चहरूले उनलाई थकित बनाइन्। एडभेन्टिस्ट चर्च अरूभन्दा फरक छ कि भनेर सोच्न थालिन्। एकदिन कमसेकम एक फेरा भएपनि एडभेन्टिस्ट चर्चमा जान उनले निधो गरिन् तर शनिबार होइन। बुधबारको बेलुका बेस्सी विश्‌वविद्यालयको आफ्नो कोथेसाथी सोलोफिलाङ्गसँग चर्चमा गइन् जहाँ युवायुवतीहरू भेला भएर आराधना गर्थे। त्यसबेला पास्टरले विवाहको बारेमा बाइबलबाट सिकाउँदा बेस्सी प्रभावित भएकी थिइन्। उनी एक बिवाह गर्न उत्सुक थिइन्।

विवाहको बारेमा फेरि छलफल गरिनेछ भनेर थाहा पाएर बेस्सी आफ्नो साथीसँग शुक्रवार बेलुका पनि गइन्। अनि साबथमा पनि सोलोफिलाङ्गसँग चर्चमा गइन्, र दिउँसोको खाजा पछि बाइबल अध्ययनमा भाग लिइन्। त्यस दिनदेखि उनी शनिबारको दिन चर्च जान छोडिनन्।

बेस्सीको जीवन परिवर्तन हुन थाल्यो। गहना र शनिबार पार्टीमा नजान सजिलो भएको उनले भेट्टाइन्। प्रार्थनाद्वारा परमेश्‌वरसँग कुरा गर्न सकिन्छ भनेर उनले सिकिन्। बेस्सी नयाँ व्यक्ति भएकोमा मानिसहरू चकित भए र उनलाई तिनीहरूले धेरै सोधपुछ गर्न थाले। उनी खुशी भएर आफ्नो आस्थाको बारेमा सुनाउन थालिन्।

स्कूल वर्ष सिद्धिनुभन्दा अघि उनले बप्तिस्मा लिइन्। उनको कोठेसाथी खुशीभएर रोइन जब बेस्सी पानीबाट निस्केकी थिइन्।

आज बेस्सी तीन जनाबच्चाहरूको पाँच वर्षे आमा भएकी छिन् र उनी बोटस्वानाको उत्तर प्रान्तमा रहेको एडभेन्टस्ट बोर्डिङ्ग स्कूलकी शिक्षिका छिन्। उनको श्रीमान स्कूलको आर्थिक मामिलाको म्यानेजर छन्। उनको विद्यार्थीहरूमा पनि धेरै परिवर्तन आएको उनले देखेकी थिइन्, जसरी आफ्नै जीवनमा पनि परिवर्तन आएको थियो।

"कहिलेकाहीँ बाबु र आमाले नै विद्रोही छोराछोरी बनाउँछन्। तर जब विद्यार्थीहरू त्यस स्कूल छाड्छन् तब तिनीहरू परिवर्तन भएर जान्छन्। धेरै बाबुआमाले हामीलाई तिनीहरूको छोराछोरी परिवर्तन पारिदिएकोमा हामीलाई धन्यवाद दिन्छन्," उनले यस लेखकलाई सुनाइन्।

**-आन्ड्र्यु मेकचेस्ने।**